# भूमे गाउँपालिकामा खोलिने विभिन्न पदहरुको पदपूर्तिको उम्मेदवार छनौट प्रक्रिया सम्बन्धी मापदण्ड, २०७४

**प्रस्तावनाः** भूमे गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा विभिन्न पदमा स्थायी/अस्थायी/करार सेवामा पदपूर्तिको लागि सञ्चालन गरिने परीक्षाका लागि आवेदन दिने उम्मेदवारहरुको वस्तुनिष्ठ छनौट सम्बन्धी मापदण्ड बनाउन बाञ्छनीय भएकोले भूमे गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "भूमे गाउँपालिकामा खोलिने विभिन्न पदमा स्थायी/अस्थायी/करार सेवामा पदहरुको पदपूर्तिको उम्मेदवार छनौट प्रक्रिया सम्बन्धी मापदण्ड, २०७४" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "पदपूर्ति समिति" भन्नाले गाउँपालिका अन्तर्गतका विभिन्न पदहरुमा स्थायी वा अस्थायी वा करार सेवामा पदपूर्तिको लागि गाउँ कार्यपालिकाको निर्णयानुसार गठन हुने समितिलाई जनाउँछ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले भूमे गाउँ कार्यपालिकालाई जनाउँछ।

(ग) "गाउँपालिका" भन्नाले भूमे गाउँपालिकालाई जनाउँछ।

## परिच्छेद २

## पदपूर्ति सम्बन्धी सम्बन्धी व्यवस्था

**समितिको सम्बन्धी व्यवस्थाः** (१) कर्मचारी छनौट तथा सिफारिशको लागि ५ सदस्यीय छनौट समिति गठन गरिनेछ।

क) आवेदन दिने प्रयोजनका लागि १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिकमा प्रकाशन गरी बढी भन्दा बढी उम्मेदवारहरुबीच प्रतिस्पर्धाको वातावरण सिर्जना गर्ने । प्रकाशित सूचना अनुसार इच्छुक उम्मेदवारले तोकिएको मितिमा व्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, अनुभवका प्रमाणपत्रहरु राखी हुलाक, इमेल, फ्याक्स वा स्वयं उपस्थित भई आवेदन दिने व्यवस्था मिलाउने ।

ख) उम्मेदवार छनौट तथा सिफारिशका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कम्तीमा ३ सदस्यीय (आवश्यकता अनुसार विषय विज्ञ रहने गरी) एक छनौट तथा सिफारिश समिति गठन गर्ने।

ग) सिभिल इन्जिनियरको हकमा न्यूनतम् शैक्षिक योग्यता लोक सेवा आयोगले लिने सिभिल इन्जिनियर पदको न्यूनतम् योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातकोत्तर हासिल गरेको हुनुपर्ने । साथै, नेपाल इन्जिनियरिङ काउन्सिलमा अनिवार्य दर्ता भएको हुनुपर्नेछ । साथं, सभिल सब-इन्जिनियरका लागि लोकसेवा आयोगले लिने सब इन्जिनियर पदको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ ।

घ) सिभिल इन्जिनियर र सब इन्जिनियरको कार्य शर्तको विवरण तोकिए बमोजिम हुनेछ ।

ङ) छनौट तथा सिफारिश समितिले प्रकाशित गरेको योग्यताक्रम सूचीको आधारमा सेवा करार गरी काममा लगाउने । प्रकाशित नतिजा बमोजिम उतीर्ण उम्मेदवारले तोकिएको शर्तमा करार गर्न मञ्जुर नभएमा क्रमशः वैकल्पिक उम्मेदवारको योग्यताक्रम सूचीको आधारमा सेवा करार गरी काममा लगाउने ।

च) छनौट तथा सिफारिश समितिले छोटो सूची (Short List) देहायको मापदण्डको आधारमा प्राप्त आवेदन फारामहरको जाँच गरी प्रकाशन गर्ने । छोटो सूची तयारीको लागि निम्नानुसार १०० पूर्णाङ्क कायम गरी कम्तिमा ५० अङ्क प्राप्त गर्ने आवेदकलाई मात्र छोटो सूची (Short List) मा समावेश गर्नेः

| **क्र.सं.** | **सूचकहरु** | **पूर्णाङ्क** |
|---|---|---|
| १ | शैक्षिक योग्यता (सूचना अनुसारको न्यूनतम् शैक्षिक योग्यताको आधारमा) | ४० |
| १.१.१ | ८० % वा सो भन्दा माथि प्राप्ताङ्क भएको वा सम्बन्धित विषयमा तोकिए भन्दा माथिल्लो शैक्षिक उपाधि भएको । | ४० |
| १.१.२ | ६५% देखि ७९.९९% सम्म प्राप्ताङ्क भएको | २४ |
| १.१.३ | ५५% देखि ६४.९९% सम्म प्राप्ताङ्क भएक | १८ |
| १.१.४ | ५५% भन्दा कम प्राप्ताङ्क भएको | १२ |
| १.२ | अक्षर अङ्कित स्तर निर्धारण पद्धति (Letter Grading System) भएका विश्व विद्यालयको हकमा | |
| १.२.१ | CGPA ३.४ देखि ४ सम्म वा सम्बन्धित विषयमा तोकिएभन्दा माथिल्लो शैक्षिक योग्यता उपाधि भएको । | ३० |
| १.२.२ | CGPA ३ देखि ३.५ भन्दा कम | २४ |
| १.२.३ | CGPA २.५ देखि ३ भन्दा कम | १८ |
| १.२.४ | CGPA २.५ भन्दा कम | १२ |
| २ | कार्य अनुभव (सूचना अनुसारको न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | ४० |
| २.१ | २ वर्षभन्दा माथि सरकारी क्षेत्रमा कार्य अनुभव भएको | ४० |
| २.२ | १ वर्षभन्दा माथि सरकारी क्षेत्रमा कार्य अनुभव भएको | ३० |
| २.३ | १ वर्ष सम्म सरकारी निकायमा कार्य अनुभव भएको | २० |
| २.४ | १ वर्षभन्दा बढी सरकारी निकाय भन्दा बाहेक अन्य निकायमा अनुभव भएको | १२ |
| ३ | उम्मेदवारको स्थायो ठेगाना सम्बन्धी | २० |

| | | |
|---|---|---|
| ३.१ | स्थायी ठेगाना भूमे गाउँपालिकाभित्रै भएको | २० |
| ३.२ | स्थायी ठेगाना रुकुम (पूर्व) जिल्लामा भएमा | १५ |
| ३.३ | स्थायी ठेगाना ५ नं. प्रदेशमा भएमा | १० |
| ३.४ | अन्य | ८ |

छ) छनौट विधि छोटो सूची र अन्तर्वार्ताबाट प्राप्त कूल प्राप्ताङ्कको सबैभन्दा बढी प्राप्ताङ्क भएका उम्मेदवारलाई सिफारिश गर्ने ।छोटो सूची (Short List) मा पर्न सफल उम्मेदवारहरुलाई मात्र दोस्रो चरणको प्रक्रियामा सहभागी गराउने

ज) छनौट तथा सिफारिश समितिले उम्मेदवारको सिफारिश गर्दा मुख्य उम्मेदवार र सम्भव भएसम्म २ जना वैकल्पिक उम्मेदवारको सिफारिश गर्ने ।

झ) छनौट तथा सिफारिश समितिले सिफारिश गरेको उम्मेदवारलाई स्वीकृत TOR बमोजिम करार सम्झौता गराउने।